म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७ बिहीबार, ३१ साउन २०८२ ने. सं. ११४५ गुँल्लागा 16 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रहरी कर्मचारीको आँखा परीक्षण

हेटौंडा, ३० साउन/बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडामा प्रहरी कर्मचारीको लागि आँखा जाँच शिविर आयोजना गरिएको छ ।

प्रदेश प्रहरी कार्यालयको आयोजनामा भएको शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको थियो । शिविरमा एक सय ६० जना प्रहरी जवान तथा अधिकृतको आँखा जाँच गरिएको थियो । २० जनालाई थप उपचारको लागि अस्पताल जान सुझाव दिइएको छ । शिविरमा आँखा जाँचका साथै नि:शुल्क औषधि पनि वितरण गरिएको सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिए ।

हेटौंडा सामुदायिक आँखा अस्पतालले नियमितरुपमा सामुदायिक कार्यक्रमअन्तर्गत अस्पताल आउन नसक्ने विरामीको लागि बिभिन्न स्थानमा पुगेर आँखा जाँच कार्यक्रम गर्दै आएको छ । अस्पतालले यसअघि विद्यालयका विद्यार्थी र कार्यस्थलमा कामदारहरुको आँखा जाँच गर्दै आएको छ ।

### बागमतीका नवनियुक्त ५ मन्त्रीले शपथ लिए

# सरकार बनेको १० दिनपछि मन्त्रीपरिषद् पूर्ण

मनिल महतो

हेटौंडा, ३० साउन/५ जना मन्त्री नियुक्त भएसँगै बागमती प्रदेश सरकारले पूर्णता पाएको छ । शुक्रबार मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले कांग्रेसका ५ जना मन्त्री नियुक्त गरेसँगै मन्त्रीपरिषद्ले पूर्णता पाएको हो ।

नवनियुक्त ५ जना मन्त्रीले शुक्रबार नै पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् । प्रदेशप्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाबाट नवनियुक्त मन्त्रीहरुले पद तथा गोपनीयताको शपथ लिएका हुन् । नेपालको संविधानको धारा १७२ तथा मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १४ बमोजिम प्रदेशप्रमुख देवकोटाले प्रभात तामाङ, कञ्चनचन्द्र बादे, सुरेश श्रेष्ठ, अर्मिला केसी नेपाल र बिनु रायमाझीलाई सपथ गराएका हुन् ।

मुख्यमन्त्री बानियाँको सिफारिमा सामाजिक विकास मन्त्रालयमा काभ्रेका बादे, आर्थिक मामिला तथा योजना मन्त्रालयमा र सुवाका तामाङ, युवा तथा खेलकुद मन्त्रालयमा ललितपुरकी नेपाल, संस्कृति तथा पर्यटन मन्त्रालयमा भक्तपुरका श्रेष्ठ र सहकारी तथा गरिबी निवारण मन्त्रालयमा चितवनकी रायमाझीले जिम्मेवारी पाएका छन् । यसअघि विना विभागीय मन्त्रीको रुपमा शपथ लिएका शिवराज अधिकारीले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी पाएका छन् ।



साउन २० गते नेकपा एमाले र कांग्रेसको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका बानियाँले सरकार गठनको १० दिनपछि दोस्रोचरणमा आफ्नै दलका पाँच जनालाई मन्त्री बनाउँदै १४ सदस्यीय मन्त्रिपरिणद्लाई पूर्णता दिए । यसअघि कांग्रेसबाट खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालयमा सिन्धुपाल्चोकका कृष्ण तामाङ र जिम्मेवारी पछि तोकिने गरी धादिङका शिवराज अधिकारी विनाविभागीय मन्त्री नियुक्त भएका थिए ।

साउन २० गते नै नेकपा एमालेबाट सरकारमा नेतृत्व गर्दै ललितपुरका मधुसुदन पौडेललाई कृषि तथा पशुपन्छी विकास, काठमाडौंका डा.दिनेशचन्द्र देवकोटालाई भौतिक पूर्वाधार विकास, रसुवाका भरत केसीलाई वन तथा वातावरण, काठमाडौंकै जयराम थापालाई श्रम, रोजगार तथा यातायात, बिन्दु श्रेष्ठलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिइएको थियो ।

**मन्त्रीपरिषद समावेशी बनाएको छुः मुख्यमन्त्री बानियाँ**

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले मन्त्रीपरिषद्लाई समावेशी बनाएको बताएका छन् । सबै किसिमको समुदायको प्रतिनिधित्व हुनेगरी मन्त्रीपरिषद् बनाएको उनले दाबी गरे । ३७ संदस्यीय संसदील दलको अभिभावककै हैसियतले आफूले सबै सांसद्को भावनालाई कदर गरेको मुख्यमन्त्री बानियाँले बताए ।

उनले नेपाली कांग्रेस एकढिक्का र कुनै पक्ष-विपक्ष नरहेको जिकिर गरे । मुख्यमन्त्री बानियाँले कांग्रेसभित्र असन्तुष्टि नहुने बताए । उनले कांग्रेसभित्र वार्ता हुने र आफ्नो विचार, एजेण्डालाई स्थापित गर्न प्रतिस्पर्धा हुने उल्लेख गरे । मुख्यमन्त्री बानियाँले लोकतन्त्रमा सत्ता उलटफेर भइरहने बताए । विगतमा संसदीय दलको नेताको हैसियतमा बहादुरसिंह अर्थमन्त्री, मुख्यमन्त्री हुँदा आफूले कुनैपनि किसिमको असहयोग नगरेको उनले स्पष्ट पारे ।

**बहादुरसिंह लामा पक्ष असन्तुष्ट**

पूर्वमुख्उमन्त्री बहादुरसिंह पक्षले भने पार्टी सभापति शेरबहादुर देउवाबाटै धोका भएको टिप्पणी गरेको छ । संसदीय दलको नेतामा विश्वासको मत गुमाएपछि लामाले नियुक्त गरेका तीन मन्त्रीलाई सपथ गराउने पूर्वसहमति कार्यान्वयन हुन नसकेको असन्तुष्ट पक्षले जनाएको छ ।

लामा पक्षका नेताहरुका अनुसार उनले मन्त्रीमा नियुक्त गरेका तर, सपथ गराउन नपाएका तीन जनालाई मन्त्रिपरिषद् विस्तार गर्दा समेट्ने सहमति बनेको थियो । साउन १४ गते तत्कालीन मुख्यमन्त्री लामाले गोविन्द लम्साललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी दिएका थिए । माया श्रेष्ठ र गीता गुरुङलाई मन्त्री नियुक्त गरेपनि जिम्मेवारी भने तोकिएको थिएन ।

संसदीय दलको नेता हुँदै मुख्यमन्त्रीबाट बाहिरिएका लामासँग मुख्यमन्त्री बानियाँको यही विषयले विवाद देखिएको थियो । उनले नियुक्त गरेका तीनजनालाई नवगठित मन्त्रिपरिषद्मा सहभागी नगराउने भए विश्वासको मत नदिने अडानमा लामा पक्ष थियो । दुईपक्षको विवाद केन्दद्रसम्म आइपुगेको थियो । दुईपक्षका नेताहरुको संवाद सभापति देउवा सहित शीर्ष तहसँग भएको थियो । विश्वासको मत प्रदान गर्ने दिनसम्म लामा पक्षले आफ्नो माग राख्दै काठमाडौंमा बैठक बसिरहेको थियो । लामा पक्ष विश्वासको मत दिन तयार भएपछि मुख्यमन्त्री बानियाँको पक्षमा ६३ मत परेको थियो । प्रस्तावको विपक्षमा २२ र तटस्थमा ७ मत पर्‍यो ।

बागमती प्रदेश सभामा ११० सदस्य छन् । असन्तुष्ट पक्षले मन्त्रिपरिषद विस्तार गर्दा आआफ्नो समूहसँग कुनै सरसल्लाह नभएको जनाएको छ । मन्त्रिपरिषद् विस्तार मा एक पक्षलाई पेलिएको भन्दै लामा समूहले मुख्यमन्त्री बानियाँको क्रियाकलापप्रति संशय व्यक्त गरेको छ । लामाको पक्षमा सांसद कुन्दनराज काफ्ले, उत्तम जोशी, लक्ष्मी श्रेष्ठ, रमेशकुमार महत, हरि प्रभा खड्गी, रामकुमार पहाडी, क्षत्रबहादुर बम्जन, गीता गुरुङ, मसिना खड्का, तीर्थ लामा, र ामकृष्ण चित्रकार, माया श्रेष्ठ, गोविन्द लम्साल र समिता खड्गी छन् ।

# हृदयघात भएका बिरामीको बागमती सरकारले नि:शुल्क शल्यक्रिया गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ बागमती प्रदेश सरकारले हृदयघात भएका बिरामीको शल्यक्रिया पूर्णरुपमा नि:शुल्क गर्ने घोषणा गरेको छ ।



प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले काठमाडौंस्थित राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुमा १३ प्रादेशिक र ४ केन्द्रीय अस्पतालसँग विशेष सम्झौता गर्दै यो व्यवस्था लागू गरेको हो । सम्झौतापछि पाठेघरको मुखको क्यान्सरका बिरामीले उपचारमा दोब्बर सहयोग पाउने प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले बताए । उनका अनुसार संघीय सरकारले दिने १ लाख रुपैयाँ खर्च भइसकेपछि प्रदेश सरकारले थप १ लाख रुपैयाँसम्मको उपचार खर्च व्यहोर्नेछ, यसअघि दिइँदै आएको ५० हजार रुपैयाँको सहयोग रकम यसपटक ५० हजारले वृद्धि भएको हो ।

सम्झौता अनुसार, हृदयघातका बिरामीको शल्यक्रिया आवश्यक परेमा कुनै पनि शुल्क लिइने छैन । यसका लागि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, त्रिवि शिक्षण अस्पताल र बकुलहर रत्ननगर अस्पताल तोकिएका छन् । स्वास्थ्य विज्ञहरुकाअनुसार, यो कदमले क्यान्सर र हृदयघातजस्ता गम्भीर रोगको उपचारमा आर्थिक राहत दिलाउनेछ र समयमै उपचार सुरु गर्न सहयोग पुर्‍याउनेछ ।

पाठेघरको मुखको क्यान्सर उपचारका लागि सम्झौतामा सहभागी अस्पतालहरुमा बीएण्डबी अस्पताल, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, क्यान्सर केयर नेपाल, चितवन मेडिकल कलेज, निजामती सेवा अस्पताल, धुलिखेल अस्पताल, कान्ति बाल अस्पताल, काठमाडौं क्यान्सर सेन्टर, मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर, वीर अस्पताल, नेशनल सिटी अस्पताल, नेपाल क्यान्सर अस्पताल, परोपकार प्रसूति तथा महिला रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र त्रिवि शिक्षण अस्पताल रहेका छन् ।

स्वास्थ्य सेवा विकेन्द्रीकरणको दिशामा प्रदेश सरकारको प्रतिबद्धता दोहोर्‍याउँदै मन्त्री थापामगरले स्वास्थ्य सेवालाई केन्द्रीकृत प्रणालीबाट बाहिर ल्याई स्थानीय तहमा विस्तार गर्ने लक्ष्य स्पष्ट पारे । मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले प्रोस्टेट क्यान्सर स्क्रिनिङलाई समेत प्राथमिकतामा राखेर कार्यक्रम ल्याइएको जानकारी दिइन् । यसका अतिरिक्त, प्रदेश सरकारले ५० बेडसम्मका अस्पतालले वर्षमा कम्तिमा एकपटक र एक सय बेडसम्मका अस्पतालले वर्षमा कम्तिमा दुईपटक दुर्गम क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ ।




### भदौ १ गतेदेखि लम्पी स्किन रोगविरुद्धको खोप अभियान सञ्चालन हुने

# १ लाख २० हजार पशुलाई खोप लगाउने लक्ष्य

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ बागमती प्रदेश सरकारले लम्पी स्किन रोगको प्रकोप नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन गर्ने भएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यही भदौ १ गतेदेखि ७ गतेसम्म प्रदेशका १३ वटै जिल्लामा सप्ताहव्यापी खोप अभियान सञ्चालन गर्न लागेको शुक्रबार आयोजित पत्रकार सम्मेलनमार्फत् जानकारी गराएको छ । ललितपुर जिल्लाको कोञ्ज्योसोम गाउँपालिका-१ मा एक कार्यक्रमकाबीच कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसुदन पौडेलले अभियानको उद्घाटन गर्ने कार्यक्रम रहेको पत्रकार सम्मेलनमा बताइएको छ । यस वर्षको अभियानअन्तर्गत प्रदेशका १३ जिल्लाका १ लाख २० हजार पशुलाई खोप लगाउने लक्ष्य राखिएको मन्त्रालयका वरिष्ठ पशुविकास अधिकृत डा. रामप्रकाश प्रधानले जानकारी दिएका छन् ।



सबैभन्दा बढी चितवनको पशुसेवा कार्यालयलाई ३० हजार डोज खोप उपलब्ध गराइएको छ । त्यसैगरी, जिल्ला पशुसेवा कार्यालय मकवानपुरका लागि २५ हजार, काभ्रेलाई १४ हजार, नुवाकोट र सिन्धुलीलाई १२/१२ हजार, धादिङलाई ११ हजार, ललितपुरलाई १० हजार र दोलखाको पशुसेवा कार्यालयलाई ६ हजार डोज खोप उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ । खोपको व्यवस्थापन संघीय सरकारले गर्नेछ भने खोप लगाउन लाग्ने खर्च बागमती प्रदेश सरकारले व्यहोर्ने डाक्टर प्रधानले बताए ।

बागमती प्रदेशमा असार र साउन महिनामा मात्रै लम्पी स्किन रोगका कारण ७४ पशुचौपायाको मृत्यु भएको छ । १ हजार ६ सय ३३ पशुमा रोगको संक्रमण देखिएको छ । विशेषगरी मकवानपुर, सिन्धुली, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा यो रोगको संक्रमण बढी देखिएको डा. प्रधानले बताए । लम्पी स्किन रोग लागेका पशुमा उच्चज्वरो आउने, शरीरको छालामा ५० मि.मि. सम्मको गोलो गाँठाहरु देखापर्ने, ती गाँठाहरु फुटेर घाउमा परिणत हुने, मुख तथा नाकको भित्री भागमा घाउ देखिने, खुट्टाको जोर्नी सुन्निने, सिँगान बग्ने, र्‍याल काड्ने र श्वास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिने पशु चिकित्सकले बताएका छन् ।

यो रोग लागेमा पशुको दुध उत्पादन २५ देखि ६५ प्रतिशतसम्म घट्ने गरेको छ । मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा बागमती प्रदेशका ७१ हजार ९ सय ७७ पशुमा लम्पी स्किन विरुद्धको खोप लगाइएको थियो । आर्थिक वर्ष २०८०/८१ मा ४८ हजार ३ सय ६४ पशुलाई खोप लगाइएको थियो । बागमती प्रदेशमा वार्षिक ४ लाख ८१ हजार ७ सय मेट्रिकटन दूध उत्पादन हुने गरेको छ ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

## विज्ञान/प्रविधि

# गुगल म्याप्सले नेपालमा सुरू गर्‍यो 'स्ट्रिट भ्यू'

गुगल म्याप्सले नेपालमा स्ट्रिट भ्यू सुरुवात गरेको छ । डिजिटल नेपाल कन्क्लेभ, २०२५ मा गुगल म्याप्सका स्ट्रिट भ्यू प्रमुख निशान्त नैयरले विश्वभरबाट नेपालका सुन्दर दृश्य र संस्कृति अवलोकन गर्न सकिने घोषणा गरे ।

उनले भने, ' अब तपाईहरूले विश्वभरबाट नेपालको सुन्दर दृश्यहरू र नपाली संस्कृति अवलोकन गर्न सक्नुहुनेछ । नेपालमा निक्कै सुन्दर मन्दिरहरू छन् । प्राकृतिक सम्पदाहरू छन् ।'

उनका अनुसार यो स्ट्रिट भ्युजमार्फत नेपालको अद्भुत भू-दृश्य र समृद्ध संस्कृति भर्चुअल रूपमा अवलोकन गर्न सक्नेछन् ।

'अब तपाईं काठमाडौंका जीवन्त सडक गल्लीहरूमा टहलिन सक्नुहुन्छ। तपाई शान्त सुन्दर तराई क्षेत्रको अन्वेषण गर्न सक्नुहुन्छ,' उनले कार्यक्रममा बोल्दै भने, 'तपाईं हिउँले ढाकिएका हिमशृंखलाहरूको मनोरम दृश्य देखाउने घुमाउरा सडकमा भर्चुअल यात्रा गर्न सक्नुहुन्छ।'

उनले यी सबै चीज अब फोन वा कम्प्युटरबाट सजिलै हेर्न सकिने सम्भव भइसकेको दाबी गरे ।

उनले भने, 'तपाईँलाई यसबाट छुट्टै संसारमा प्रवेश गराएर नेपालको समृद्ध वास्तुकलाको इतिहास,प्राचीन मन्दिर र दरबार तथा चहलपहलयुक्त बजार र जीवन्त परम्परालाई नजिकबाट हेर्ने अवसर दिनेछ।'

नेपाल नेपाल प्राकृतिक रुपमै धनी भएकाले विश्वलाई नेपाल अनुभव गर्ने नयाँ र रोमाञ्चक माध्यम उपलब्ध गराउने र यसले पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्रुने बताए । 'नेपालको समृद्ध सांस्कृतिक सम्पदा र पर्यटन सम्भावना दुवैलाई प्रवर्द्धन गर्न मद्दत पुर्‍याउनेछ।' उनले भने ।

स्ट्रिट भ्यू प्रमुख नैरका अनुसार नेपालका नवीनतम दृश्यहरू हेर्नको लागि, आफ्नो फोन वा कम्प्युटरमा गुगल म्याप्स खोलेर ३६० डिग्री भ्यु हेर्न सकिनेछ भने पहेँलो स्ट्रिट भ्यू पेगम्यान (Street View pegman)मा क्लिक गेर आम पाठकले हेर्न सक्नेछन् ।

## जीवनशैली / स्वास्थ्य

# पुरुषमा देखिने समस्या 'फाइमोसीस' के हो ? के छ उपचार ?



फाइमोसीस भनेको पुरुषको लिङ्गको माथिल्लो भागको छाला (फोरस्किन) ग्लान्स (लिङ्गको टाउको) माथिबाट आंशिक वा पूर्ण रूपमा पछाडि तान्न नसक्ने अवस्था हो । जन्मँदा करिब ९० प्रतिशत नवजात शिशुमा यो सामान्य (फिजियोलोजिकल) रूपमा पाइन्छ र प्राय: ५ वर्षभित्र आफैं खुल्ने गर्छ ।

तर, उमेर बढ्दै गए पछि युवा अवस्था पनि नखुल्ने, दुखाइ वा संक्रमण हुने अवस्था रहिरहेमा यसलाई रोगजन्य (प्याथोलोजिकल) फाइमोसीस भनिन्छ ।

**फाइमोसीस किन हुन्छ ?**

- जन्मजात रूपमा लिङ्गको माथिल्लो भागको छाला साँघुरो हुनु,
- बारम्बार संक्रमण (बलानाइटिस वा बलानोपोस्टहाइटिस) हुनु,
- नियमित रूपमा लिङ्ग सफा नगर्नु,
- मधुमेह,
- छालामा खत (जस्तै लाइकेन स्क्लेरोसस),
- र, जबर्जस्ती छाला तान्दा फाटेर घाउ हुनु ।

**सामान्य फाइमोसीस**

जन्मिँदा सामान्य हुन्छ । अधिकांश बच्चामा फोरस्किन आंशिक रूपमा टाँसिएको हुन्छ । प्राय: ५-७ वर्षसम्म आफैं सुल्भिन्छ ।

**पैथोलोजिकल फाइमोसीस**

कुनै समस्या वा संक्रमणले कारणले हुन्छ । फोरस्किन पछाडि तान्दा दुखाइ, र ातोपन वा पिसाबमा समस्या देखिन्छ । यसको लागि उपचार आवश्यक पर्छ ।

रिवर्सिबल वा अस्थायी फाइमोसीस

केही अवस्थामा सुनिने वा संक्रमणले अस्थायी रूपमा फोरस्किन तान्न नसकिने हुन्छ । संक्रमण वा समस्या उपचार भएपछि पुन: सामान्य हुन्छ ।

**यौन जीवनमा प्रभाव**

फाइमोसीसको प्रकार अनुसार यौन क्रियाकलापको सहभागितामा स्पष्ट भिन्नता देखिन्छ । लिङ्गको फोरस्किन हल्का साँघुरो भएको व्यक्तिहरूले सामान्यतया विस्तारै र सावधानीपूर्वक यौन सम्भोग गर्न सक्छन् । तर , फोरस्किन मध्यम खालको साँघुरिएको छ भने सम्भोगको क्रममा दुखाइ महसुस हुन सक्छ । यस्तोमा कहिलेकाहीँ यौन क्रियाकलापका क्रममा शिघ्र स्खलन हुने र फोरस्किन च्यातिनेसमस्या पनि देखिन सक्छ ।

फोरस्किनको गम्भीर संकुचन भएको अवस्थामा भने यौन सम्भोग गर्न निकै कठिन वा लगभग असम्भव हुन्छ । किनभने पुरुषको लिङ्ग महिलाको यौनाङ्गमा प्रवेशनै गर्न नसक्ने अवस्था देखापर्छ, जसले यौन जीवनमा गम्भीर प्रभाव पार्छ । यसरी, फाइमोसीसको गम्भीरता अनुसार यौन क्रियाकलापमा सहभागी हुन सक्ने क्षमतामा फरक आउँछ र उपचारको आवश्यकतामा पनि फरक पर्छ ।

**प्रजननको सम्भावना**

हल्का फाइमोसीस भएका व्यक्तिहरूमा प्रजनन क्षमता सामान्य रूपमा र ाम्रो रहन्छ र कुनै ठूलो समस्या हुँदैन । तर गम्भीर फाइमोसीसको अवस्थामा वीर्य (सीमन) सबै बाहिर ननिस्केर लिङ्गको फोरस्किनभित्रै 'जम्ने' सम्भावना हुन्छ, जसले गर्भधारणको सम्भावना कम हुन सक्छ र स्वत: प्रजननमा असर पार्न सक्छ । यस्ता अवस्थामा उचित उपचार जस्तै सर्कम्सिजन वा प्रिप्युटियोप्लास्टी गराएपछि प्रजनन क्षमता पुन: सामान्य अवस्थामा फर्कने सम्भावना उच्च हुन्छ र यौन स्वास्थ्यमा सुधार आउँछ । तसर्थ गम्भीर फाइमोसीस भएका व्यक्तिले समयमै उपचार गराउनु आवश्यक हुन्छ ताकि प्रजनन र यौन क्रियाकलापमा कुनै बाधा नआओस् ।

**मूत्रत्यागको तरिका**

फाइमोसीसका प्रकार अनुसार मूत्र (पिसाब) त्यागको तरिकामा पनि फरक देखिन्छ । हल्का फाइमोसीस भएका व्यक्तिहरूमा मूत्रत्याग सामान्य रूपमा हुन्छ, जसमा कुनै बाधा वा समस्या हुँदैन । मध्यम फाइमोसीसको अवस्थामा पिसाबको धार पातलो हुन सक्छ र कहिलेकाहीँ फोरस्किन 'बलुन फुलेझैँ' फुलेको देखिन्छ, जसले मूत्रत्यागमा असुविधा उत्पन्न गर्छ । गम्भीर फाइमोसीस भएका व्यक्तिहरूमा पिसाबको धार पातलो हुन सक्छ, साथै पिसाब प्रवाह पूर्ण रूपमा रोकिन सक्ने समस्या देखिन्छ, जसले संक्रमणको जोखिम पनि बढाउँछ । यसकारण गम्भीर फाइमोसीसको अवस्थामा समयमै उचित उपचार आवश्यक हुन्छ ताकि मूत्रत्यागमा समस्या नआओस् र संक्रमणबाट बच्न सकियोस् ।

**फाइमोसिसलाई यौन शिक्षामा समावेश नहुँदा समस्या**

नेपालको सन्दर्भमा फाइमोसिसलाई विद्यालयीय पाठ्यक्रमको यौन शिक्षामा व्यापक रूपमा समावेश नगर्नुको मुख्य कारणहरूमा- सांस्कृतिक संकोच, धार्मिक संवेदनशीलता, र यौन स्वास्थ्यलाई विद्यालय तहमा प्राथमिकता नदिनु हो । धेरैजसो नेपाली समुदायमा यौनसम्बन्धी विषयवस्तुलाई खुल्ला रूपमा छलफल गर्न अप्ठ्यारो मानिन्छ, जसले गर्दा शिक्षकहरूको तालिम पनि कम रहन्छ र यौन शिक्षा प्रभावकारी रूपमा लागू हुन सक्दैन । यसकारण आवश्यक यौन शिक्षाबाट बञ्चित भएपछि विद्यार्थीहरूलाई आफ्नो शारीरिक परिवर्तन, यौन स्वास्थ्य र सम्बन्धित जोखिमहरूबारे समयमै जानकारी प्राप्त हुँदैन ।

फलस्वरूप, यौनसम्बन्धी समस्याहरू जस्तै यौन संक्रमण, अनियन्त्रित यौन व्यवहार, र मानसिक तनाव जस्ता जटिलताहरू समयमै पहिचान र उपचार हुन सक्दैनन् । यसले यौन सम्बन्धमा अनावश्यक दुखाइ र मानसिक तनाव बढाउन सक्ने सम्भावना बढाउँछ, जसले दीर्घकालीन स्वास्थ्य र सामाजिक प्रभावहरू निम्त्याउन सक्छ । नेपालमा यौन शिक्षालाई संवेदनशील तरिकाले समावेश गर्ने आवश्यकतालाई ध्यानमा राख्दै यसको सुधार र विस्तार गर्नु अत्यन्त महत्वपूर्ण छ ।

**कसरी हुन्छ उपचार ?**

फाइमोसिसको प्रारम्भिक अवस्थामा स्टेरोइड मलम लगाएर र नियमित रूपमा फोरस्किनलाई पछाडि तान्ने अभ्यास गरेर सुधार ल्याउन सकिन्छ । तर, बारम्बार समस्या हुने वा गम्भीर अवस्थामा शल्यक्रिया नै अन्तिम विकल्प हुन्छ । शल्यक्रिया अन्तर्गतका विकल्पहरूमा सर्कम्सिजन (फोरस्किन पूर्ण रूपमा काटेर फाल्ने), प्रेप्युटियोप्लास्टी (छाला फराकिलो बनाउने) र आपतकालीन अवस्थामा डोर्सल स्लिट (फोरस्किन आंशिक रूपमा चिर्ने) पर्छन् ।

**फोरस्किन पूर्ण रूपमा काटेर फाल्दा के हुन्छ ?**

पूर्ण रूपमा काटेर फाल्नु अर्थात सर्कम्सिजनले बारम्बार हुने संक्रमणलाई रोक्न महत्वपूर्ण भूमिका खेल्छ । किनभने फाइमोसीस हुँदा प्रिप्यूस (लिङ्गको टुप्पोको छाला) साँघुरो हुन्छ, जसले गर्दा ब्याक्टेरियल र फंगल संक्रमण हुन सजिलो हुन्छ । त्यसैले सर्कम्सिजनले त्यो बाधा हटाएर संक्रमणको जोखिम कम गर्छ ।

पिसाबको प्रवाहको कुरा गर्दा, फाइमोसीस भएका व्यक्तिमा फोरस्किनको संकुचनले पिसाब लिङ्गबाट बाहिर निस्कनमा अवरोध पुर्‍याउन सक्छ, त्यसकारण सर्कम्सिजनले पिसाब प्रवाहलाई सहज बनाउने काम गर्छ । यसले मूत्रमार्गमा हुने जलन र संक्रमणबाट पनि बचाउँछ । फाइमोसीसले लिङ्ग सफा गर्न गाह्रो हुने हुँदा, त्यहाँ 'स्मेग्मा' अर्थात् फोहोर जम्मा हुन सक्छ जसले गन्ध र संक्रमण बढाउँछ । सर्कम्सिजन पछि स्मेग्मा हट्ने र लिङ्ग सफा राख्न सहज हुन्छ । यौन असुविधाको दृष्टिले पनि, सर्कमसिजनले फाइमोसीस भएका व्यक्तिमा संकुचन र दुखाइ कम हुन सक्छ जसले यौन क्रियाकलापमा सहजता ल्याउँछ ।

**सर्कम्सिजनको जोखिम**

फाइमोसीस भएका व्यक्तिमा सर्कम्सिजन गर्दा लिङ्गको छालामा स्कार (दाग) हुने, शल्यक्रिया पश्चात लिङ्ग निलो रङ्ग भई सुन्निने र रक्तस्रावको सम्भावना बढी हुन्छ । किनभने लिङ्गको फोरस्किन पहिले नै संकुचित भएकाले शल्यक्रियामा असर पार्ने जटिलता बढाउन सक्छ । यद्यपि, फाइमोसीस नभएका व्यक्तिले सर्कम्सिजन गर्दा सामान्य शल्यक्रियासँग सम्बन्धित जोखिम मात्रै देखिन्छ । सर्कम्सिजन गरेपछि फोरस्किनको प्राकृतिक 'ग्लाइडिङ एक्सन' मा कमी आउन सक्छ, जसले लिङ्गको सतहमा सुख्खा घर्षण बढाउन सक्छ । यो कमीले यौन क्रियाकलापमा असुविधा हुन सक्छ । तर ल्युब्रिकेन्टको प्रयोगले यस समस्या कम गर्न सहयोग गर्छ ।

फाइमोसिसको शल्यक्रिया गरेपछि प्रारम्भिक केही हप्तासम्म लिङ्गको ग्लान्स प्रत्यक्ष हावा, जस्तोसुकै कपडाको घर्षण र छुवाइसँग सम्पर्कमा आएर अत्यधिक संवेदनशील हुन सक्छ, जसले चस्स भई अत्यधिक दुखाई हुने, चिलाउने वा असहज महसुस गराउन सक्छ ।

साथै, सतही स्नायुमा असर पर्नाले अस्थायी रूपमा झन्झनी वा सुन्निने अनुभूति हुन सक्छ । दीर्घकालमा, खुला रहँदा ग्लान्सको छालामा हल्का केराटिनाइजेसन (बाहिरी वातारणको प्रभावले हल्का सुक्खा र कडा हुनु) भएर हल्का छुवाइको संवेदनामा कमी आउन सक्छ र फोरस्किनमा रहेका विशेष स्पर्श रिसेप्टरहरू हटाइने भएकाले ती संवेदनाहरू स्थायी रूपमा हराउन सक्छन् । यद्यपि, अधिकांश अवस्थामा पूर्ण निको भएपछि यौन आनन्दमा खासै कमी हुँदैन र पहिले दुखाइ हुने अवस्थाहरूमा सुधार भई सन्तुष्टि अझ बढ्न सक्छ ।

## साहित्य

हास्यव्यंग्य

# हाकिमको सत्ता

✍गायत्री लम्साल

राजतन्त्रका किङ फालेर चिन्ता पटक्कै गर्नुपर्दैन महाशय गणतन्त्रका हाकिम भएपछि सबै कामकुराको विकास मात्र होइन देख्न, छुन, हेर्न नमिल्ने अमूल्य वस्तुहरु समेत सजिलै निकास हुन्छ हजुर । हा....कि....म शब्द नै काफी छ क्या । जुन लिङ्गको भए तापनि यिनीहरु सबैको साझा विशेषता सेम माने उस्तै हुन्छ । नेपालको संविधानलाई कानुनले बरु फरक-फरक व्याख्या गर्न मिल्छ तर यो हाकिम भन्ने उच्चकोटीको मनुवाको काम र आचारसंहिता भन्ने कुरो कसैले फरक पार्न मिल्दै-मिल्दैन । प्राकृतिक न्यायको सिद्धान्तसँग समाहित भएर मस्तसँग मज्जाले रहन्छ ।

वा ! कति धेरै हुन् हाकिम भन्नै गाऱ्हो बाबै गन्नै गाह्रो । सरकारी हाकिम, सहकारी हाकिम, दलका हाकिम, बलका हाकिम, एनजिओका हाकिम, आइएनजिओका हाकिम, निजीका हाकिम, बिजीका हाकिम, विभिन्न पसलका हाकिम, विभिन्न फसलका हाकिम, घरका हाकिम, वनका हाकिम, आयातका हाकिम, निर्यातका हाकिम, राजनीतिका हाकिम, लाजनीतिका हाकिम, समाजसेवी हाकिम, दलालसेवी हाकिम..........यता हेऱ्यो हाकिम, उता हेऱ्यो हाकिम, यत्रतत्र सर्वत्र जतातत्तै हाकिम नै हाकिम ।

हजुरहरुलाई थाहा छ कि छैन कुन्नि ? चालिस वर्षमा वृद्ध भत्ता खान पाउँदा मख्ख नपर्नेहरु समेत हाकिमको सत्ता खान पाएपछि मस्तसँग मख्ख पर्छन् । परापूर्व कालदेखि भविष्य पश्चिम कालसम्म सबै काल फालेर, धेरै तन्त्रको राँको बालेर ल्याएको जनप्रिय, लोकतान्त्रिक, समाजवाद उन्मुख, आर्थिक समृद्धि सहितको चुरो कुरो भनेको हाकिमको सत्ता नै हो । यदि कोही कसैले होइन भन्नुहुन्छ भने आउनुहोस् चुनावमा जाऔं सेवाग्राही भन्दा हाकिम बढी भएको हाम्रो मुलुकमा तपाइँ अल्पमतमा पर्ने कुरो कुनै बोकुवा नराखी मैले ठोकुवा गरेँ है त ।

सत्ता हुनु यस्तो पो हुनु, हाकिमको सत्तालाई दलगणका धुपौरेहरुले कसरी छुनु ? टाउकोमा छुन खोज्दा खुट्टा देखाइदिन्छन्, अनि खुट्टामा छुन खोज्दा टाउको । सबै हाकिमको उस्तै हुन्छ कसरी चिन्नु ? टाउको निकै साऱ्हो, खुट्टामा सबैको पाँच वटै औंला उस्तै -उस्तै । अरु जे-जे सुकै भए तापनि हाकिमको सत्तालाई खोट लगाउने ठाउँ भने पटक्कै छैन है । सबे हाकिमहरु बहुमुखी प्रतिभाका धनी छन् । मुलुकलाई त बसी-बसी जादुगरको हातको छडीले जादु देखाएजस्तै देखाइदिन्छन् । नेताका हाकीमले एकैछिनमा स्वीजरल्याण्ड, सिँगापुर बनाउँदै भाषण गरिरहँदा त्यसपछिको भाषण ग्रहण र आसन ग्रहण सकिएर समापनको बेलामा त उही झिँगापुर र धूलोपुर मात्रै ।

त्यस्तै सडकमा हाकिमले नदी, खोला नभएको ठाउँमा पुल बनाउनु, वनका हाकिमले चोरीनिकासी बन्द गर्नलाई जंगलभित्र सिसी टि.भी. राख्दा समेत त्यसले तस्करको फोटो नखिच्नु, सहकारीको हाकिमको न्वारन नै साहुकारी हुनु, चिया बजारीबाट शुरु भएका निजी बजारीका हाकिमहरु बालाबजारीमा छलाङ् मार्नु, काला कोटधारी हाकिमहरुले न्याय किनवेच बजारको विस्तार गर्नु, सरोकारवाला अड्डाका हाकीमहरुले खानेकुरा मात्र होइन अखाद्य बस्तु समेत खानु, एनजिओ र आइएनजिओका हाकिमहरुले देश, काल, परिस्थिति अनुसार अलिकति बाँकी रहेको देश खानु, भेष खानु, रीति खानु थिति खानुलाई द्रुत गतिको विकास भनिएन भने हामीलाई पाप लाग्छ है ।

व्यक्ति व्यक्तिका समय तालीका अनुसार यहाँ हरेकका सत्ता पत्तासाफ भए तापनि हाकिमको सत्ता भने एक इन्च तल नझरीकन चलेको छ । देशको गरिबीको संख्या नघटेर चिन्ता नमान्नुहोस् महासय सबै हाकिमका घर/परिवारको गरिबी निवारण समेत भैसकेको छ । एउटा किङ मात्र भएर हो देशले विकास भन्ने कुरो देख्न नपाएको । अहिले त तीन करोडमा दुई करोड त हाकीम र भू.पू. हाकिम नै पुग्न आँटेका छन् भने अब त देशको विकास मात्रै होइन विकासको बाबु, हजुरबाबु हुँदै एघार पुस्ता अगाडि सम्मका सबै देख्न पाइन्छ ।

खै मेरा आँखामा के भाको हो कुन्नि ? पावर भन्ने कुरो थपे पनि नथपे तापनि जतातत्तै हाकिम मात्रै देख्छु भन्या । उसको हाकिम ऊ,उसको हाकिम ऊ, उसको हाकिम ऊ लाष्टमा कसको हाकिम को चिन्नै गाऱ्हो । मलाई हाकिम मान्ने मेरै सोझो मोरोले अलिकति हाकिम चिन्ने, हाकिम किन्ने फरमुला सिकाइदियो र पो नत्रभने त कतिबेला आफू हाकिम भइयो भन्ने पत्तोफाँट नै नहुने क्या । अनि नि निकै काइदाको कुरो नी हाकिमको सत्ता भनेपछि अरु कसैको नभएर हाकिम कै सत्ता हो है । यसमा महिला, पुरुष, नाम, थर, पेशा, व्यवसाय, वर्ग, धर्म, सबै फरक-फरक भए तापनि सबै हाकिमको सत्ता भनेको बराबरी हो । अहिलेको डिजीटल किलोमा मात्र होइन, बाजेका पालाको धार्नी जोख्ने तुलोमा जोखे पनि केही फरक पर्दैन ।

जतिसुकै पढेका, राम्रा-राम्रा बानिव्यहोरामा सडेका व्यक्तिहरु समेत हाकिम भएपछि सबैको आनिबानी र खानेकुरो उस्तै हुन्छ । जति खाए पनि नअघाउने कला, सबैभन्दा आफूलाई उत्कृष्ट मान्ने सर्वोत्कृष्ट ज्ञान, बुद्धि र विवेकलाई सलाम गर्दा हाकिम हुन आतुर हुनेहरुलाई पटक्कै घाटा भन्ने कुरो हुँदैहुन्न है । संघीयताको विस्तारवादसँगै केन्द्र, प्रदेश र स्थानीयमा पुऱ्याउँदा समेत सबैलाई फिट भएको सत्ता भनेको हाकिमको सत्ता नै हो । आफ्नै आत्मालाई साक्षी राखेर सोचौं त -हाकिम भन्ने जिनीश जतिसुकै लुरो र लुरी भए तापनि उनीहरुको नजर बिक्ने भनेको आफूमा ठोकिन आउने शुरो र शुरीमा नै हो । हाकिमको सत्तामा मनलाई कैद गर्ने ठाउँ भनेको सत्ता, शक्ति, सुन्दर र सुन्दरी मै हो ।

हाम्रै बाबा-आमाको पालामा बन्द खामभित्र चिठ्ठी हुन्थ्यो । आजभोलि हाकिमलाई प्राप्त हुने बन्द खामभित्र त बाघ र हात्ती मज्जाले कोचिएर बस्छन् । कहिलेकाहीँ हो, बन्द खामभित्रका बाघर र हात्तिले हाकिमलाई आक्रमण गर्ने, त्यही पनि ठूलो संख्यामा रहेछन् भने त मिलापत्र गर्न सिंगापुर र स्विजरल्याण्डतिर उड्छन् । जे होस्, हामी सबै नेपालीहरुलाई सधैँभरि फिट हुने र जसलाई चाहिन्छ उसैलाई तुरुन्तै सिट हुने सत्ता भनेको हाकिमको सत्ता हो भन्नलाई कसैले भत्ता लिनु पर्दैन । नेपाली भएको नाताले नेपाललाई विर्सेर केही माने उही हुँदैन तर हाकिमलाई बिर्स्यौं भने लाग्न मिल्ने जति कुरोले पिछा गर्दै साढे सातको लातले समेत झ्याप्पै समाउँछ ।

त्यसैले आउनुहोस्, जहिले, जहाँ, जसरी हुन्छ हाकिमको सत्तामा हाजिर भएर देशलाई विकास मात्र होइन छिमेकीतिर निकास गर्नको लागि एकजुट भएर लागि परौँ । संघीयताको सबलीकरण भन्दै हाकिमको सत्तालाई आन्तरिकिकरण गरौँ । रात रहे अग्राख त पलाउँछ भन्छन् । दिन पनि रहेपछि हाकिमको सत्ताको साझेदार कसो नभएला र ?

कविता

# म एक भाग्यमानी हुँ !



✍डा. बच्चु कैलाश कैनी

छोएन मलाई
जनताको पीडाले
दिन दिनै सुन्ने गालीले
हाम्रो बारे आउने
नकारात्मक समाचारको बाढीले
अहँ ! मलाई छुँदै छोएन
तपाईहरु आम जनताले
सँधै देख्ने, सुन्ने र भोग्ने
समस्याको चांगले
रोकेन मलाई
नियम र कानूनले ।

मैले देखेको छु
तपाईहरुको जीवन
चलेको चलै छ
प्रकृतिको बरदानले
जस्तो सुकै होस् जे सुकै होस्
स्वास प्रस्वास रोकिएको छैन
दुई खुट्टाको सहाराले
जीवनको रथ अघि बढेकोछ ।

नियती नै यस्तै छ
उति बेला भावीले लेखेर ल्याएको
तपाईको भाग्य मैले मेट्ने हैन
तपाईको जीवनको मार्ग
मैले बदल्ने हैन
जे छ तपाईले भोग्ने हो
तपाईको जीवन
तपाईले नै बदल्ने हो।

मैले मेरो जीवन बदलें
मेरो समस्या
मेरो परिवारको समस्या
मैले हल गरें
मलाई अहिले दु:ख छैन
कुनै पीर चिन्ता छैन
तपाईको पीडाको ख्याल छैन
कुनै गालीको पर्वाह छैन
अरुको समस्याको वास्ता छैन
यहाँ जीवन चल्ने हो
तपाईको पनि चलेको छ
मेरो झन राम्रो चलेको छ।

जे गरेपनि जसो गरेपनि
मैले निरन्तर ताली पाएको छु
तपाईको साथ र भोट पाएको छु
फेरी अर्को पटक पनि
पाउने नै छु
मैले लेखेर ल्याएको भाग्य
तपाईले मेट्ने हैन
किनकी, तपाईं कै भोटले
यहाँसम्म पुगेको
म एक नेता हुँ
जनताको मान सम्मान पाउने
तपाईले तिरेको करले
सुख सयल भोग्ने
म एक भाग्यमानी हुँ ।

# गजल

✍डिल्लीप्रसाद अधिकारी

मनको व्यथा आँखाबाट बगाएर गयौ
गयौ कि त मेरो माया अघाएर गयौ

मीठा कुरा गर्दा गर्दै अनायासै तिमी
भन अब कतातिर हराएर गयौ

सुख दु:ख जिन्दगीका पीडाहरु पनि
सहन्छु म भन्थ्यौ आज डराएर गयौ

सन्देश केही अब उसो आउँदैन भन्दै
पिरतीको बाजी मलाई हराएर गयौ

हुन्छ यही वेदना नै मेरो लागि भयो
डिल्लीप्रसादलाई राजी गराएर गयौ

## चित्रकला





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# कर्णालीमा अर्बौंको खेल संरचना खण्डहर बन्दा सरकार मूकदर्शक

सुर्खेत/राज्यको अर्बौं लगानीबाट निर्मित कर्णालीका खेल संरचनाहरू खण्डहर बनेका छन् । र, कर्णाली प्रदेश सरकार भने मूकदर्शक बनेको छ । दलहरू बीच राजनीतिक स्वार्थ नमिल्दा विगत ९ महिनादेखि कर्णाली प्रदेश खेलकुद विकास परिषद् नेतृत्वविहीन छ । जसले गर्दा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता तयारीको काम, खेल संरचना निर्माण र अन्य तयारी खेलहरू अगाडि बढ्न सकिरहेका छैनन् । मुख्यमन्त्री यामलाल कँडेल र विभागीय मन्त्री घनश्याम भण्डारीकै कारण खेल संरचनाहरू बेवारिसे बन्दै गएको पूर्व मुख्यमन्त्री समेत रहेका सत्तारुढ दल कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले नै बताउँदै आएका छन् ।



'हामीले एउटा सही निर्णय नगर्दा आज अर्बौंको सम्पत्ति बिग्रिँदैछ' प्रदेश सभामा बोल्दै उनले भनेका थिए, 'यो विषयमा सरकार चुकेको छ । एउटा विभागीय मन्त्रीलाई मात्र होइन, मुख्यमन्त्रीलाई समेत भन्छु, यो कमजोरी जति सकिन्छ छिटो सच्याउनुहोस् !' पूर्व मुख्यमन्त्री शाहीले रंगशाला सञ्चालन गर्न वार्षिक ४ देखि ५ करोड खर्च उठ्ने भए पनि सही तरिकाले सञ्चालन गर्न सकिए यसबाट १० देखि १२ करोड आम्दानी गर्न सकिने बताए । 'यही अवस्था रहे १०औं राष्ट्रिय खेलकुद सञ्चालन गर्ने वेलासम्म रंगशालाका झ्यालहरू फुटिसकेका हुनेछन्', उनले भने ।

राज्यको अर्बौंको सम्पत्ति खेर जाने स्थिति रहेको भन्दै शाहीले चिन्ता व्यक्त गरे । 'हजार जनता बिग्रेर केही हुँदैन, एउटा नेता बिग्रियो भने यस्तै हुन्छ' नेता शाहीले प्रदेश सभामा भनेका थिए, 'हिजो म त्यहाँ गएको थिएँ, निकै पीडा भयो । यस्तो गर्न हुन्न भन्नेतर्फ मन्त्री, मुख्यमन्त्रीको ध्यान किन गएन ?' प्रदेश राजधानी वीरेन्द्रनगरमा निर्माणाधीन प्रदेश रंगशालाको निर्माण कम्पनीले गत मंसिरमै ९९ प्रतिशत काम सम्पन्न गरेको थियो । बाँकी काम सम्पन्न गर्न भुक्तानीका लागि बिल भर्पाई पेश गरिए पनि सरकारले अझै भुक्तानी दिनसकेको छैन ।

सरकारले समयमै प्रदेश खेलकुद विकास परिषद्लाई पूर्णता दिन नसक्दा यी सबै समस्याहरू विकसित भएको देखिन्छ । 'यतिवेला रंगशाला सम्पन्न भएर पनि प्रदेश सरकारलाई हस्तान्तरण भइसक्नुपर्ने हो । तर ठेकेदारले भुक्तानी नपाएको भन्दै त्यही १ प्रतिशत काम गर्न चासो दिएको छैन' परिषद्का निवर्तमान सदस्यसचिव विश्वामित्र सन्ज्याल भन्छन्, 'सरकारले पनि ठेकेदारमाथि दोष थुपारेर आफू उम्किने प्रयत्न गरिरहेको छ ।'

उनका अनुसार यति बेलासम्म सरकारले रंगशाला आफ्नो स्वामित्वमा लिएर खेल गतिविधि सञ्चालन गर्ने र आर्थिक लाभ लिनेतिर केन्द्रित हुनुपर्ने थियो । तर प्रदेश सरकार नै प्रदेशमा यति ठूला खेल संरचना आवश्यक नरहेको औचित्य पुष्टि गर्नतिर लागेको उनको आरोप छ ।

'अहिले रंगशालाभित्र मात्रै १६ वटा खेल खेलाउन मिल्ने गरी संरचनाहरू बनेका छन्' सन्ज्यालले संचारकर्मीसँग भने, 'आज ती संरचना ठडिएको दुई वर्ष बित्यो । खेल गतिविधि नहुँदा ती संरचनाहरू खण्डहर बन्दै गएका छन् । रंगशाला बेवारिसे जस्तो बनेको छ । आवश्यक मर्मतसम्भार नहुँदा ती संरचनाहरू विस्तारै भत्किँदै जानेछन् ।' प्रदेश गौरवको उक्त आयोजना १ अर्ब ५९ करोड ४७ लाख ४७ हजार रुपैयाँ लागतमा एमएसी/जीएसएल जेभीले ठेक्का पाएको छ । तर, भुक्तानी लगायत समस्याका कारण अन्तिम अवस्थामा पुगेर पनि निर्माणले पूर्णता पाउन सकेको छैन । यसरी राज्यको अर्बौं रकम लगानी गरेर निर्माण गरिएको खेल संरचनामा राजनीतिक दल र तिनका नेताहरूले आफ्नो स्वार्थसिद्ध गर्ने थलो बनाएका छन् ।

**यसरी ठडिए अर्बौंका संरचना**

मुलुक संघीयतामा गएपछि ठूलो रंगशाला नभएको एउटा मात्रै प्रदेश थियो, कर्णाली । प्रदेश राजधानी वीरेन्द्रनगर-८ को मध्य भागमा ९ बिघा जग्गा खेलकुदको नाममा छ । तर काठमाडौंको प्राथमिकतामा कर्णालीको खेलकुद विकास पर्न सकेन । पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रदेश सरकारले १०औं प्रतियोगिता कर्णालीमा गर्ने प्रस्ताव राख्यो । तर, संघीय युवा तथा खेलकुद मन्त्रालयले कर्णालीमा खेलकुदका संरचना नै छैनन्, कसरी आयोजना गर्न सकिन्छ भनेपछि रंगशाला बनाउने योजनामा पुगेको थियो, प्रदेश सरकार ।

तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको पालामा सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायतका निर्माणपूर्वका सबै तयारीहरू सम्पन्न भइसकेका थिए । पछिल्ला मुख्यमन्त्री जीवनबहादुर शाहीले २०७८ मंसिरमा रंगशाला शिलान्यास गरे । रंगशाला निर्माण गर्नुको एउटै कारण थियो कर्णालीमा दशौं राष्ट्रिय खेलकुद आयोजना गर्नु । प्रदेश सरकारले बहुवर्षीय र प्रदेश गौरव आयोजनाका रूपमा छनोट गरी निर्माण कार्यमा तीव्रता दियो । २०८१ मंसिरमा दशौं राष्ट्रिय खेलकुद कर्णालीमा आयोजना गर्न सकिन्छ भन्ने ध्येयका साथ रंगशाला निर्माणलाई तीव्रता दिएको तत्कालीन मुख्यमन्त्री शाही बताउँछन् ।

१ अर्ब ५९ करोड ४७ लाख ४७ हजार रुपैयाँ लागतमा एमएसी/जीएसएल जेभी कम्पनीले २०८१ जेठमा काम सम्पन्न गर्ने गरी रंगशाला निर्माणको जिम्मा लिएको थियो । कोरोना, जाजरकोट भूकम्पपछि लगातार आइरहने परकम्प लगायत कारण ठेकेदार कम्पनीले उक्त समयमा काम सम्पन्न गर्न सकेन । त्यसपछि २०८१ असोज १९ गतेसम्मका लागि म्याद थप गरियो ।

निर्धारित समयमै रंगशाला निर्माणको ९९ प्रतिशत काम पूरा भएको थियो । यही बीचमा प्रदेश खेलकुद विकास परिषद्का तत्कालीन सदस्यसचिवको कार्यकाल २०८१ पुस ६ गते सकियो । कार्यकाल सकिँदै गर्दा रंगशाला निर्माणको ९९ प्रतिशत काम सकिएको दाबी सन्ज्यालले गरेका थिए । र, बाँकी एक प्रतिशत काम पनि सोही महिनाभित्र सकिने उनको भनाइ थियो । त्यसयता प्रदेश खेलकुद विकास परिषद् नेतृत्वविहीन हुँदा कुनै पनि काम अगाडि बढ्न सकेको छैन । प्रदेश सरकारले वीरेन्द्रनगरमा निर्माणाधीन कर्णाली रंगशालाका अतिरिक्त दशौं राष्ट्रिय खेलकुदलाई लक्षित गरेर कालिञ्चोकमा क्रिकेट मैदान निर्माण भई सञ्चालन र व्यवस्थापनका लागि कर्णाली प्रदेश क्रिकेट संघलाई हस्तान्तरण गरेको छ ।

प्रदेश रंगशाला नेपालमा भइरहेका मध्ये अत्याधुनिक प्रकृतिको रंगशाला मानिन्छ । परिषद् पदाधिकारीविहीन हुनुअघि रंगशालाभित्र जाने, तस्बिर र भिडियो खिच्नेहरूको भीड नै लाग्थ्यो । भौतिक पूर्वाधारका हिसाबले पछि रहेको कर्णालीमा यति ठूलो र आधुनिक संरचना बन्नुमा प्रदेशको समृद्धिसँग जोडेर हेर्ने गरिएको थियो ।

रंगशालाका तस्बिर र भिडियोहरूले सामाजिक सञ्जालका भित्ताहरू रंगिन्थे । १० महिना अघिसम्म प्रदेशको समृद्धिसँग जोडेर गर्व गर्दै आएको रंगशाला प्रति अहिले नागरिकको चिन्ता बढेको छ । 'रङ्गीचङ्गी संरचना ठडिए, आफ्नै घरअगाडि विशाल खेल संरचना ठडिंदा खेलप्रेमीहरू उत्साहित थिए' नागरिक समाज कर्णालीका अध्यक्ष पीताम्बर ढकाल भन्छन्, 'तिनै संरचना अहिले चिन्ताको विषय भनेको छ । यसरी नै खण्डहर बन्छन् कि भन्ने डर पैदा भएको छ ।'

पछिल्लो समय रंगशाला बेवारिसे जस्तै बनेको छ । रंगशालाको गेटमा ताला लगाइएको छ भने भित्र सुनसान छ । रंगशालाभित्र ठेकेदार कम्पनीले ल्याएका केही मजदूरले फाट्टफुट्ट काम गरेको देखिन्छ ।

रंगशाला बेवारिसे बन्नुका पछाडि सरकार नै जिम्मेवार रहेको ठेकेदार कम्पनीको आरोप छ । प्रदेश सरकारकै बेवास्ताका कारण काममा ढिलाइ भइरहेको ठेकेदार कम्पनीका प्रतिनिधि इन्जिनियर पुरुषोत्तम बराल बताउँछन् । 'सरकारले काम गरेको भुक्तानी दिएको छैन । ६ करोड बराबरको एउटा रनिङ्ग बिल रोकिएको १० महिना भइसक्यो । अनि कसरी काम हुन्छ त ?' उनले भने । सरकारले समयमै भुक्तानी दिए र केही कानूनी प्रक्रिया पूरा गरे १५-३० दिनभित्र काम सकिने उनको भनाइ छ ।

ठेकेदार कम्पनीले सरकारबाट करिब १० करोड रकम लिन बाँकी छ । काम ९९ प्रतिशत सकिएकै बेला तत्कालीन सदस्यसचिवको कार्यकाल सकिएपछि सरकारले भुक्तानी रोकिदिएको छ । त्यही बीचमा ठेक्काको मिति समेत सकिएको छ । 'त्यसयता सरकारले ठेक्काको म्याद पनि थपेको छैन, बाँकी भुक्तानी पनि दिंदैन' उनले भने, 'अनि काम कसरी सम्पन्न हुन्छ ? अहिले सरकार ठेकेदार कम्पनीलाई देखाउँदै पन्छिरहेको छ ।'

खेलकुद परिषद्मा पदाधिकारी नहुँदा अहिले कोसँग समन्वय र सहकार्य गर्ने भन्ने नै अन्योल रहेको इन्जिनियर बरालले बताए । 'हामीले कोसँग समन्वय गर्ने हो ? अन्योलमा छौं', उनले भने । पदाधिकारी भएको खण्डमा मात्रै भुक्तानीको काम अघि बढ्न सक्ने बरालको बुझाइ छ । 'मुख्य कुरा भुक्तानी नै हो, हामीले पनि अरूलाई काम गराएको हुन्छ' उनले भने, 'म्याद थपका लागि पटक-पटक चिठी पठायौं । तर चिठ्ठी बुझ्ने मान्छे छैन ।'

यदि समयमै काम सम्पन्न भएर सरकारलाई हस्तान्तरण हुन्थ्यो भने यतिबेला खेलाडीले प्रशिक्षण गर्ने, सटरहरू भाडामा लगाउन सकिन्थ्यो । रंगशाला चलायमान हुन्थ्यो । १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता अनिश्चित भए पनि प्रदेशस्तरका खेल गतिविधि गर्न सकिन्थ्यो, तर त्यतातर्फ सरकारले चासो नदिएको बराल बताउँछन् । सरकार भने सबै दोष ठेकेदारमाथि लगाउँछ । खेलकुद विकास परिषद्का अध्यक्ष समेत रहेका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी रंगशाला निर्माणमा ठेकेदारले गैर-जिम्मेवार भूमिका खेलेको आरोप लगाउँछन् ।

**कुन-कुन संरचना छन्, रंगशालाभित्र ?**

कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले प्रतियोगिता तयारीका निम्ति '५-प' सिद्धान्त अर्थात् पूर्वाधार, प्रतियोगिता, प्रशिक्षण, प्रोत्साहन र पुरस्कार अघि सारेको थियो । प्रदेश सरकारले गौरवको आयोजनाको रूप दिएको प्रदेश रंगशालामा विभिन्न प्रविधिका सुविधासम्पन्न संरचनाहरू निर्माण भएका छन् ।

रंगशालाभित्र निर्माण गरिएको फुटबल ग्राउन्ड फिफाको मापदण्डअनुसार १०५ मिटर लम्बाइ र ६८ मिटर चौडाइको छ । उक्त मैदानमा १० हजार दर्शक बस्ने पाराफिट बनेको छ । मैदान अत्याधुनिक प्रविधि अनुसार निर्माण गरिएकाले खेल समयमा पानी परे २० देखि २५ मिनेटभित्र पुन: प्रतियोगिता सञ्चालन गर्न सकिनेछ । मैदानभित्र सिंचाइका लागि नयाँ प्रविधिको स्प्रिनकल जडान गरिएको छ ।

३० मिनेटभित्र मैदान सिंचाइ हुने गरी ७ वटा प्वाइन्ट जडान गरिएको छ । मैदानसँगै खेलाडीका लागि चेन्जिङ कक्ष, वेटिङ कक्ष, रेस्ट रुम, फिजियो कक्ष र मेडिकल कक्षलगायत पूर्वाधारको निर्माण गरिएको छ । त्यस्तै रंगशालाको पश्चिम कर्नरमा १५०० दर्शक क्षमता सहितको इन्डोर भलिबल कबर्ड हल निर्माण गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरी बत्ती जडान गरिएको छ । इको-कभरेज गर्न साउन्ड सिस्टम लगाइएको छ । हलमा एकै पटक दुई वटा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

फुटबल मैदानसँगै बनेको एथलेटिक्स ट्र्याक आईएएफ स्ट्यान्डर्डबाट सर्टिफाई भएको ४०० मिटर लामो ट्र्याक बनेको छ । यसमा हाइजम्प, लङजम्प लगायत एथलेटिक्सका सम्पूर्ण विधाहरूका प्रतियोगिता गर्न सकिनेछ । फुटबलको मैदानसँगै 'फिना' स्ट्यान्डर्डको २५ मिटर चौडाइ २५ मिटर लम्बाइको पौडी पोखरी बनेको छ । त्यहाँ एकै पटक १० जना खेलाडीहरूले प्रतियोगितामा भाग लिन सक्नेछन् ।

त्योसँगै पानी फिल्टर गर्ने मेसिन र खेलाडीहरूका लागि छुट्टै भवन निर्माण गरिएको छ । प्रतियोगितालाई लक्षित गर्दै एकैसाथ रंगशालामा फुटबल, एथलेटिक्स ट्र्याक, पौडीपोखरी, मार्सल आर्ट इन्डोर हल, भलिबल तथा बहुउद्देश्यीय कबर्ड हल लगायत आउटडोर कोर्टहरू निर्माण भएका छन् । प्रदेश रंगशाला परिसरमा यस्तै सटर ब्लक, पार्किङ, विभिन्न प्रकारका फाउन्टेनहरू तयार भइसकेका छन् ।

कर्णालीमा २४ वटा विधाका खेल प्रतियोगिता सञ्चालन गर्ने प्रस्ताव गरिएको थियो । जसमध्ये १६ वटा खेल रंगशालाभित्रै खेलाउन सकिने निवर्तमान सदस्यसचिव सन्ज्याल बताउँछन् । उनका अनुसार कर्णालीका सुर्खेत बाहेक रुकुमपश्चिमको चौरजहारी, दैलेख, कालीकोट, जुम्ला, हुम्ला र मुगुमा विभिन्न खेल खेलाइनेछ ।

दैलेखमा कबड्डी, कालीकोटमा कराते, जुम्लामा फुलकन्ट्याक्ट कराते र बुद्धिचाल, हुम्लामा हकी, मुगुमा कबड्डी, रुकुमपश्चिममा तेक्वान्दो र सल्यानमा टेबलटेनिस प्रतियोगिता हुने गरी सरकारले तयारी गरेको छ । यसका लागि आवश्यक संरचनाहरू समेत तयार भएका छन् ।

**तयार भए तीन वटा क्रिकेट मैदान**

दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै कर्णालीमा एकैसाथ तीन वटा क्रिकेट मैदान तयार भएका छन् । क्रिकेट प्रतियोगिता सञ्चालनका लागि हालसम्म कर्णालीमा गतिला मैदान थिएनन् । तर दशौं खेलकुदका लागि लक्षित गर्दै सुर्खेतमा दुई वटा र रुकुमपश्चिममा एउटा गरी तीन वटा क्रिकेट मैदान निर्माण भएको छ ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का अनुसार सुर्खेतको वीरेन्द्रनगरमा दुई वटा मैदान निर्माण भएका छन् । वीरेन्द्रनगरस्थित कालिञ्चोक र प्रदेश रंगशाला नजिक गरी दुई वटा मैदान तयार भएका छन् । कालिञ्चोक क्रिकेट मैदानमा पुरुष क्रिकेट प्रतियोगिता सञ्चालन गरिनेछ भने प्रदेश रंगशाला नजिकको क्रिकेट मैदानमा महिला क्रिकेट प्रतियोगिता आयोजना हुने गरी वीरेन्द्रनगरमा मात्रै दुई वटा क्रिकेट मैदान निर्माण गरिएको छ ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का अनुसार कालिञ्चोक क्रिकेट मैदान निर्माणमा ७३ लाख १८ हजार ३३७ रुपैयाँ खर्च भएको छ । यो मैदान निर्माणका लागि २०८० मंसिर १५ गते केपीडीडी कन्स्ट्रक्सनसँग सम्झौता भएको थियो । यो मैदान हाल निर्माण भएर प्रतियोगिता समेत सञ्चालन भइसकेको छ । प्रदेश रंगशाला नजिक निर्माण भएको क्रिकेट मैदान निर्माणका लागि ४ करोड ५९ लाख ८० हजार ४७१ रुपैयाँ खर्च भएको छ । अभियान कन्स्ट्रक्सन काठमाडौंले यो मैदानको निर्माण गर्ने जिम्मा लिएको थियो । यो मैदानको निर्माण कार्य सम्पन्न भएको छ ।

रुकुमपश्चिमको चौरजहारीमा रहेको क्रिकेट मैदानलाई भने प्रशिक्षणका रूपमा प्रयोग गरिनेछ । यो क्रिकेट मैदान निर्माणका लागि ५० लाख रकम उपलब्ध गराइएको थियो । विगतमा एउटा पनि गतिलो मैदान नभएको कर्णालीमा अब तीन वटा क्रिकेट मैदान तयार भएको प्रदेश खेलकुद परिषद्का पूर्व सदस्यसचिव विश्वामित्र सन्ज्याल बताउँछन् । 'दशौं खेलकुदमा क्रिकेट प्रतियोगिता सञ्चालनका लागि कुनै समस्या नहुने गरी त्यो बेला तीन वटा क्रिकेट मैदान निर्माण गरेका थियौं', उनले भने ।

**समस्याको जड नै नेतृत्वविहीन परिषद्**

कर्णाली प्रदेश खेलकुद विकास परिषद् विगत ९ महिनादेखि नेतृत्वविहीन बनेको छ । परिषद्का तत्कालीन सदस्यसचिव विश्वामित्र सन्ज्याल सहितका पदाधिकारीको कार्यकाल २०८१ पुस ६ गते सकिएको थियो । परिषद्को अध्यक्ष प्रदेशको सामाजिक विकास मन्त्री हुने भए पनि कार्यकारी नेतृत्व रिक्त हुँदा खेल संरचनाहरू कार्यान्वयनमा आउन सकेका छैनन् ।

कर्णाली प्रदेश सरकारले तत्काल परिषद्मा पदाधिकारीको नियुक्ति प्रक्रिया अघि बढाउनुपर्ने आवाज चर्को बन्दै गएको छ । तर दलहरू बीचको राजनीतिक भागबण्डा नमिल्दा परिषद्ले सदस्यसचिव सहितको नेतृत्व अझै पनि पाउन सकेको छैन । सत्ता साझेदार दल नेकपा एमाले र नेपाली कांग्रेस बीच परिषद्को उपाध्यक्ष र सदस्यसचिव कसले लिने भन्ने विषयमा कुरा नमिल्दा परिषद्ले पूर्णता पाउन ढिलाइ भएको नेताहरू बताउँछन् । 'परिषद्ले पूर्णता नपाउँदा खेल संरचनाहरू जीर्ण हुने डर छ । दशौं राष्ट्रिय खेलकुद समेत अनिश्चित भएको देखिन्छ' एक नेताले भने, 'जसले गर्दा आयोजक प्रदेशका तर्फबाट गर्नुपर्ने तयारीका कामहरू अलपत्र परेका छन् ।'

खेलका संरचनाहरूले पूर्णता नपाउने समस्याको सबै जड परिषद् पदाधिकारीविहीन हुनु नै भएको देखिन्छ । सदस्यसचिव नहुँदा ठेकेदारलाई म्याद थप गर्नेदेखि आर्थिक अधिकारका कुराहरू रोकिएका छन् । सामाजिक विकास मन्त्री भण्डारीले परिषद् पदाधिकारीविहीन भएको अवस्थामा प्रदेशको खेलकुद विकास ऐन, २०७६ विपरीत परिषद्को जिम्मेवारी मन्त्रालयका शिक्षा अधिकृत रामप्रसाद उपाध्यायलाई तोकेका थिए । ऐनमा सामाजिक विकास मन्त्रीले परिषद्को सदस्यसचिवलाई बैठक बोलाउन निर्देशन दिने र बैठकको अध्यक्षता ग्रहण गर्ने बाहेकको कुनै पनि जिम्मेवारी दिएको छैन । सदस्यसचिवको पदावधि समाप्त भएको वा पद रिक्त भएको अवस्थामा सदस्यसचिवको जिम्मेवारी (काम, कर्तव्य र अधिकार) कसलाई दिने वा तोक्ने भन्ने पनि ऐनमा कुनै व्यवस्था छैन ।

*(स्रोत: अनलाइनखबर)*

# '१२ गाउँ २' अर्को दशैंमा आउने, विराज र समीर दोहोरिने



काठमाडौं/कहिले छविराज ओझा त कहिले दीपकराज गिरी समूहको पेवाजस्तै बनेको दशैं विदा अब अभिनेता विराज भट्टले पनि नछाड्ने भएका छन् । गत दशैंमा आफू निर्देशित तथा अभिनीत फिल्म '१२ गाउँ'ले बक्स अफिसमा ठूलो सफलता पाएपछि हौसिएका उनले अर्को वर्षको दशैंमा पनि फिल्म ल्याउने घोषणा गरेका छन् । उनका अनुसार अर्को दशैंमा '१२ गाउँ २' प्रदर्शनमा आउनेछ ।

बिहीबार आफ्नो मुख्य भूमिका रहने नयाँ फिल्म 'राम नाम सत्य'को शुभमुहूर्त कार्यक्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै विराजले भने, 'अहिले '१२ गाउँ २'को कथामा काम भइरहेको छ । त्यो अर्को दशैंमा आउँछ ।' उनले यसमा पनि बाउ-छोरा सँगै देखिने बताए । अर्थात् फिल्ममा विराजसँगै उनका छोरा समीर भट्टको पनि अभिनय रहनेछ । यो फिल्मलाई विराजले नै निर्देशन गर्नेछन् ।

खासमा उनले यही दशैंको फूलपातीमा '१२ गाउँ २' ल्याउने सोच बनाएका थिए । त्यसका लागि उनले गत पुषमै चलचित्र विकास बोर्डबाट निर्माण इजाजत समेत लिएका थिए । तर, समीरको दोस्रो फिल्म 'बलिदान'को छायांकन लम्बिँदा रिलिज दशैंमा पुग्यो । यसैले विराजले तत्काललाई '१२ गाउँ'को सिक्वेल रोकेर यस वर्ष बाहिरी ब्यानरको फिल्म 'राम नाम सत्य'मा काम गर्न लागेका हुन् ।

विराजले '१२ गाउँ २'बाट आफ्नो कान्छो छोरालाई फिल्ममा डेब्यु गर्न लागेको चर्चा पनि चलिरहेको छ । तर, उनले यसमा सत्यता नभएको बताएका छन् । उनले भने, 'अहिलेसम्म उसलाई ल्याउने कुनै सोच छैन । ऊ अलि सानै छ । फिल्ममा आउने बेला भइसकेको छैन । बाउ र दाई यही क्षेत्रमा भएकाले उसलाई फिल्ममा रुचि चाहिँ छ । बाँकी कुरा समय आएपछि थाहा भइहाल्छ ।'

# 'अभिमन्यु'को भोजपुरी शैलीको 'लड्की गोरी' गीत सार्वजनिक

काठमाडौं/नेपाली र हिन्दी भाषामा बनेको फिल्म 'अभिमन्यु'को नयाँ गीत 'लड्की गोरी' सार्वजनिक गरिएको छ । भोजपुरी शैलीमा तयार पारिएको गीतमा शब्द, संगीत र स्वर प्रशान्त सिवाकोटी र प्रेरणा सिंहको रहेको छ । संगीत संयोजन विषम आचार्यले गरेका छन् । उक्त गीत भोजपुरी लवजमा भए पनि भाषा नेपाली नै प्रयोग गरिएको छ ।



रोहन विश्वकर्माको कोरियोग्राफी रहेको गीतको भिडियोमा जुना सुन्दास र किरण श्रेष्ठको आकर्षक नृत्य देख्न सकिन्छ । फिल्मका मुख्य जोडी लक्ष्मी बर्देवा र कामेश्वर चौरासिया पनि भिडियोमा देखिएका छन् । तराईको पात्र र कथामा आधारित भएर फिल्म बनेकाले त्यही क्षेत्रमा प्रचलनमा रहेको भोजपुरी शैलीको गीत तयार पारिएको निर्माण पक्षले जनाएको छ ।

सुशान्त गौतमको निर्देशनमा बनेको फिल्ममा लक्ष्मी, कामेश्वर र किरणसहित सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, प्रकाश दाहाल, सुष्मा निरौला लगायतको अभिनय रहेको छ । आगामी भदौ २७ गते प्रदर्शन हुन लागेको यो फिल्मको हिन्दी भर्सन दशैंको छेको पारेर असोज ६ गते (घटस्थापनाको दिन) प्रदर्शन हुँदैछ ।

सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको फिल्मका निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाई र हरि श्रेष्ठ सह-निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् । यसमा मुकेश खनालको लेखन, शरद महतोको छायांकन तथा सुरेन्द्र पौडेल र मदन घिमिरेको सम्पादन रहेको छ ।

# 'माग्ने राजा'मा केदारको पारिश्रमिक ५१ लाख

काठमाडौं/आगामी भदौ ६ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'माग्ने राजा' यतिबेला कुनै कारणले चर्चामा छ भने त्यो अभिनेता केदार घिमिरे (माग्ने बुढा)को पारिश्रमिकले नै हो । एक महिनाअघि फिल्मको पोस्टर रिलिज कार्यक्रममा निर्माता मुनाल घिमिरेले केदारलाई ५१ लाख नगद र अब १० लाख दिन बाँकी रहेको बताएका थिए । अर्थात्, केदारलाई ६१ लाखमा फिल्म खेलाएको उनको दाबी थियो ।

तर, ६१ लाखको कुराले फिल्मलाई फाइदाभन्दा 'ब्याकफायर' बढी गर्‍यो । पारिश्रमिकको विषयलाई लिएर फिल्मका गीतदेखि टिजरसम्म गाली वर्षियो । मिडियामा पनि पारिश्रमिककै बढी चर्चा थियो । फिल्मकर्मीहरुले पनि टिका-टिप्पणी गरे । पारिश्रमिकको विवादले फिल्मलाई असर गर्न थालेपछि अन्तत: केदारले ६१ लाखको कुरा निर्माताले गरेको प्रचार फण्डा मात्र रहेको खुलासा गरे ।

तर, पोस्टर सार्वजनिक कार्यक्रममा निर्माता घिमिरेले गरेको ५१ लाखको दाबी भने सत्य भएको पाइएको छ । उनले केदारलाई ५१ लाख पारिश्रमिक दिएबापत राज्यलाई १५ प्रतिशत टीडीएस तिरेका छन् । उनले बिहीबार चाबहिलस्थित आन्तरिक राजश्व कार्यालय पुगेर ७ लाख ६५ हजार रुपैयाँ आयकर तिरेका हुन् । यसको प्रमाण चर्चित टेलिभिजन कार्यक्रम रजतपटले सार्वजनिक गरेको छ ।




मुनालले ६१ लाखमा केदारलाई १० लाख भने दिन बाँकी रहेको बताएका थिए । त्यो १० लाख चाहिँ फण्डा मात्र थियो वा दिन बाँकी नै छ, त्यो भने खुलेको छैन । यद्यपि, ५१ लाख पारिश्रमिकबापतको कर तिरेको हिसाबले केदार नेपाली फिल्मका सर्वाधिक महंगा अभिनेता बनेका छन् । यसअघि 'फर्की फर्की'मा ५० लाख पारिश्रमिकबापतको कर बुझाएर अनमोल सबैभन्दा महंगा बनेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### हेटौंडा स्वास्थ्य शिक्षाको हबको रुपमा अगाडि बढ्दै

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एमबीबीएसको ५० सिट स्वीकृति

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ चिकित्सा शिक्षा आयोगले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई यसै शैक्षिक सत्रदेखि एमबीबीएस पढाउनका लागि ५० सिट स्वीकृति प्रदान गरेको छ । यो स्वीकृतिले प्रदेशमा मात्र नभई मुलुकको स्वास्थ्य शिक्षा क्षेत्रमा हेटौंडाको नामलाई फैलाउन मद्दत पुग्ने देखिएको छ ।




प्रतिष्ठानमा यसअघि नै विभिन्न स्नातक तहका कार्यक्रम सञ्चालनमा छन् । बीएस्सी नर्सिङ कार्यक्रमलाई अझ प्रभावकारी बनाउन यसवर्ष २० सिटबाट बढाएर ३० सिट पुऱ्याइएको छ । मेडिकल ल्याव टेक्नोलोजी (बीएमएलटी) र पब्लिक हेल्थ कार्यक्रम भने २०/२० सिट कायम रहेका छन् । यस्तै, ब्याचलर अफ फार्मेसी कार्यक्रम ३० सिटकै संरचनामा निरन्तर सञ्चालन हुनेछ । स्नातक तहका यी कार्यक्रमसँगै प्रतिष्ठानले स्नातकोत्तर तहमा पनि नयाँ उपलब्धि हासिल गरेको छ ।

यसै शैक्षिक वर्षदेखि एमडीको सातवटा विषयमा अध्ययन सुरु हुने भएको छ, जसमा कुल ८ सिट स्वीकृति प्रदान गरिएको छ । स्त्री तथा प्रसूति विभागमा २ सिट, फिजिसियन, जनरल सर्जरी, बालरोग, हाडजोर्नी तथा नशारोग, फेमिली फिजिसियन र एनेस्थेसियोलोजीमा एक-एक सिट रहेको छ । चिकित्सा अध्ययनका लागि आफ्नै प्रदेशमा अवसरका साथै देशभरका विद्यार्थीलाई आकर्षित गर्ने सम्भावना पनि बढाएको पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले बताए । पूर्वमुख्यमन्त्री पौडेलले भने, 'मुख्यमन्त्री हुँदा सुरुवात गरेको यो प्रतिष्ठानले उत्पादन गरेको जनशक्तिले स्वास्थ्यसेवा प्रदानगर्न अब धेरै समय लाग्दैन ।'

स्वीकृत सिट संख्या वृद्धि र नयाँ कार्यक्रम थपिएको यस कदमले प्रतिष्ठान प्रदेशकै स्वास्थ्य शिक्षा र अनुसन्धानको स्थानको रुपमा स्थापित हुने बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले बताए । प्रतिष्ठानले स्वास्थ्य शिक्षा विस्तारसँगै विशेषज्ञ चिकित्सक उत्पादन, गुणस्तरीय उपचारसेवा, आधुनिक अनुसन्धान प्रवर्द्धन गर्दै आएको उनले जानकारी दिए । प्रतिष्ठानअन्तर्गत सञ्चालित हेटौंडा अस्पतालमा छिमेकी प्रदेशबाट उपचारका लागि बिरामी आउने गरेको प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवालीले जानकारी दिए । अहिले उपचारका लागि दैनिक १ हजार ५ सय भन्दा बढीले सेवा लिइरहेका छन् ।

प्रतिष्ठानबाट बागमती प्रदेशले मात्र होइन, देशभरका नागरिकले दीर्घकालीन लाभ लिन सक्ने डा.ज्ञवालीको भनाई छ । प्रदेशकै गौरवको आयोजना २०७६ मा प्रदेशसभाबाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन जारी गरिएको थियो । स्थापनाको एकवर्ष पछि प्रतिष्ठानमा २०७७ साउन १५ मा प्रतिष्ठानको उपकुलपति र भदौ १५ गते अन्य पदाधिकारी नियुक्त गरी कार्य प्रारम्भ गरिएको थियो । हाल प्रतिष्ठानको प्रशासनिक कार्यदेखि शैक्षिक कार्यक्रम भाडाको घरमा सञ्चालन हुँदै आएको छ ।

प्रतिष्ठानले आफ्नो शैक्षिक कार्यक्रम सञ्चालनको लागि हेटौंडा-११ को नलेज भिलेजमा घर भाडामा लिएको छ भने हेटौंडा-६ गौरीटार रंगशालामा रहेको ट्रस्टको भवनलाई मर्मत गरेर प्रयोगमा ल्याएको छ । त्यसैगरी कार्यालय प्रायोजनको लागि हेटौंडा-१० मा रहेको टिसियनको पुरानो भवनलाई प्रयोग गर्दै आएको छ । खोज तथा अनुसन्धानको लागि हेटौंडा-८ स्थित स्थानीय लोकतान्त्रिक पार्कको भवन प्रयोग गरिएको छ । प्रतिष्ठानले नयाँ कार्यक्रम सञ्चालन गर्नको लागि हेटौंडा-४ स्थित ६ तले घर पनि भाडामा लिएको छ ।

प्रतिष्ठानले ति भवनहरु प्रयोग गरेबापत वार्षिक ६१ लाख भन्दा बढी भाडाबापत खर्च हुने गरेको छ । संघीय सरकारले प्रतिष्ठानको लागि विशेष अनुदान मार्फत् ५० करोड लागतमा हेटौंडा-१० भुटनदेवीचौरमा निर्माण गरेको ६ भवनको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । प्रदेश राजधानी पूर्वाधार विकास कार्यालय हेटौंडाले कुमार आरएन सिएस जेभी गोकर्ण-११ काठमाडौंसँग ४९ करोड ९५ लाखमा ठेक्का सम्झौता गरेको थियो । बिहिबार मात्रै चिकित्सा शिक्षा आयोगले एमबीबीएस र बीडीएस अध्ययनका लागि सिट संख्या बढाउने निर्णय गरेको हो ।

सिंहदरबारमा बसेको आयोगको बैठकले यसअघि तोकिएको सिट संख्यामा वृद्धि गर्ने निर्णय गरेको हो । जसअनुसार हालसम्म एक सय सिट रहेको एमबीबीएसको सिलिङ बढाएर एक सय ३० र ५० सिट रहेको बीडीएसलाई ६० पुऱ्याउने निर्णय भएको छ । चिकित्सा शिक्षा सुधारका अभियान्ता प्रा. डा. गोविन्द केसीले मेडिकल कलेजको सिट र शुल्क वृद्धि नगर्न चेतावनी दिँदै आएका छन् । उनी लगातार चिकित्सा शिक्षा प्रणालीमा पारदर्शिता र पहुँचको पक्षमा आन्दोलन गर्दै आएका छन् ।

# अर्धवार्षिक समीक्षा सहित खानेपानी, सरसफाई विषयक कार्यशाला




साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ कैलाश गाउँपालिकास्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको अर्धवार्षिक समीक्षाका साथै दीगो खानेपानी सरसफाई तथा स्वच्छता प्रणालीका आधारस्तम्भको विश्लेषण कार्यशाला गोष्ठी शुक्रबार सम्पन्न भएको हो ।

गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षतामा भएको कार्यशाला गोष्ठीमा ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) का जिल्ला संयोजक लीलबहादुर कार्कीले कैलाश गाउँपालिकामा भएगरेका क्रियाकलापबारे कार्यपत्र प्रस्तुत गरेका थिए । आरआरएनका कार्यक्रम व्यवस्थापक निराजन पोखेलले दीगो खानेपानी सरसफाई तथा स्वच्छता प्रणालीका नौ वटा आधारस्तम्भबारे कार्यपत्र प्रस्तुत गरी आवश्यक छलफल गरिएको थियो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष मुक्तानले भौगोलिक विकटताको चुनौतीका साथ खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा काम गरिएकोमा धन्यवाद व्यक्त गर्दै समूदायमा आधारित रहेर विभिन्न योजना सञ्चालन गर्दै आइरहेको बताए । गाउँपालिकाले १३ भन्दा बढी संस्थासँगको साझेदारीमा स्वास्थ्य, शिक्षा, खानेपानी, महिला तथा बालबालिकाको क्षेत्रमा गर्ने सम्झौता भएको उनले बताए ।

'कैलाशका नागरिकलाई चेतना अभिवृद्धि गर्नु चुनौती छ, त्यसलाई चिर्दै घरघर समूदायमा पुगेर सुरक्षित खानेपानी र शौचालय प्रयोग र निर्माणले उनीहरुमा चेतना भएको छ,' उनले भने । पालिकाले शौचालय परिचयपत्र जारी भइसकेको अवस्थामा केही वडामा परिचयपत्र वितरण गर्न बाकीँ रहेको अध्यक्ष मुक्तानले बताए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले गाउँपालिकाले लक्ष्यअनुसार एक घर एक धारा सबै स्थानमा नसकिरहेको बताए । खानेपानी र सरसफाईका क्षेत्रमा पालिकाले सहकार्य र समन्वय गरी अघि बढ्ने उनले बताए ।

खानेपानीको प्रमुख सूचक नै सरसफाई हो, त्यसतर्फ सबैको ध्यान जान जरुरी रहेको जिल्ला संयोजक कार्कीले बताए । उनले कार्यपत्र प्रस्तुत गर्दै कैलाशमा १०७ वटा समूह र दुई हजार तीनसय घरधुरीमा २३ वटा सूचकमा क्रियाकलाप सञ्चालन गरिएको बताए । जसमा भाँडा सुकाउने मचान ७७.१५ प्रतिशत, हातधुने ठाउँ ७५.८४ प्रतिशत, पानी फिल्टर प्रयोग २६.९६ प्रतिशत, शौचालय सफा भएको ७८.८७ प्रतिशत, गोठ व्यवस्थापन ७९.१६ प्रतिशत, खेर जाने पानीको सुरक्षित ७७.४६ प्रतिशत, कुहिने र नकुहिने फोहोर व्यवस्थापन ७६.९३ प्रतिशत, घर आँगन सफा रहेको ८१.२१ प्रतिशत तथ्यांकमा रहेको छ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मल्ल, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, वडा नं. १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, ३ का कार्यबाहक अध्यक्ष राममाया प्रजा, ६ का वडाध्यक्ष रामबहादुर गोम्बा, ७ का अध्यक्ष उदासकुमार भोलन, ८ का अध्यक्ष आशिष प्रजा, ९ का अध्यक्ष भूवनसिं घलान, १० का अध्यक्ष सूर्यबहादुर ब्लोन, डब्लुएचएचका प्रोजेक्ट कोडिनेटर ऋतु राजभण्डारी, कार्यपालिका सदस्य पातलीमाया गोले र सुन्तली सुनुवार, गाउँपालिका विभिन्न शाखाका प्रमुख तथा आर आरएनका प्रतिनिधिको आतिथ्यता रहेको थियो ।

# जनकपुरमा पत्रकारमाथि आक्रमणको विरोधमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र




साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ जनकपुरमा पत्रकारमाथि भएको आक्रमणप्रति आपत्ति जनाउँदै नेपाल पत्रकार महासंघ, मधेश प्रदेश समितिले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

साउन २७ गते जनकपुरमा आयोजना भएको पत्रकार सम्मेलनका क्रममा नेपाल बार एसोसिएसनका केही अधिवक्ताको समूहले पत्रकार माथि आक्रमण गरेको आरोप लगाउँदै महासंघले दोषीहरुलाई तत्काल पक्राउ गरी कानूनी कारबाही गर्न माग गरेको हो ।

महासंघका अध्यक्ष श्याम बन्जारा र धनुषा शाखाका अध्यक्ष पुरन साहको हस्ताक्षर रहेको ज्ञापनपत्रमा यो घटना प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य-मान्यतामाथि गम्भीर आघात भएको उल्लेख छ । महासंघका अनुसार, श्रीराम गुठीको स्वामित्वमा रहेको चार कठ्ठा जग्गा २० वर्षका लागि लिजमा लिएर भवन निर्माणको तयारी भइरहेका बेला अधिवक्ताहरुको समूहले जमिन कब्जा गर्न खोज्दै हुलदंगा मच्चाएको र त्यही क्रममा पत्रकारमाथि आक्रमण गरिएको हो ।

आक्रमणमा महासंघका अध्यक्ष बन्जारा, उपाध्यक्ष ज्योति झा, महासचिव शैलेन्द्र महतो, सञ्चारकर्मी दिवाकर राय, अनिल कुमार निराला र बिनिता यादव घाइते भएका छन् । घाइतेमध्ये दिवाकर रायको अवस्था गम्भीर छ भने महासचिव महतोको खुट्टा दुईस्थानमा भाँचिएको छ । पत्रकार महिलामाथि अभद्र व्यवहार र आपत्तिजनक शब्द प्रयोग गरिएको आरोप लगाइएको छ । घटनापछि तत्काल उजुरी दिए पनि अहिलेसम्म कुनै दोषी पक्राउ नपरेको भन्दै महासंघले प्रहरीको भूमिकामाथि प्रश्न उठाएको छ ।

अनुसन्धानमा देखिएको उदासीनताले कानूनी शासनको मर्यादामाथि गम्भीर प्रश्न खडा भएको महासंघको भनाइ छ । महासंघले सरकारलाई प्रेस स्वतन्त्रताको रक्षा गर्न प्रभावकारी कदम चाल्न र घटनामा संलग्न सबैलाई निष्पक्ष छानबिनपछि कडा कारबाही गर्न आग्रह गरेको छ ।

# खैरोहेरोइन सहित ३ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ मकवानपुर प्रहरीले ३ ग्राम ९८० मिलिग्राम खैरोहेरोइनसहित ३ जनालाई पक्राउ गरेको छ ।

हेटौडा उपमहानगर पालिका-४ नारायणीमल पछाडि भित्रिसडकमा लागुऔषध कारोबार भइरहेको सूचनाको आधारमा छापा मार्दा ३ ग्राम ९८० मिलिग्राम खैरोहेरोइन सहित ३ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीले बा. प्र. ०३-००६ प २६४५ नम्बरको स्कुटरमा शंकास्पद अवस्थामा रहेका ३० वर्षीय विवेक खड्का र २६ वर्षीय सुशान्त मैनालीलाई नियन्त्रणमा लिँदै खानतलासी गर्दा १ ग्राम ७३० मिलिग्राम लागुऔषध फेला परेको जनाएको छ ।

प्रारम्भिक सोधपुछ क्रममा विवेक खड्काको घर कोठामा प्रवेश गर्दा थप २ ग्राम २५० मिलिग्राम लागुऔषध र नगद ३ लाख १७ हजार बरामद भएको भएको प्रहरीप्रवक्ता श्यामु अर्यालले जानकारी दिए । फरार हुन खोजेका ४२ वर्षीय सन्तोष कार्कीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ परेका तीनै जनालाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट लागुऔषध मुद्दामा म्याद अनुमति लिएर थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डिएसपी अर्यालले जानकारी दिए ।

# भदौ १५ गते पुस्तकालय दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ १८ औं पुस्तकालय दिवस हेटौंडामा पनि मनाइने भएको छ । 'हाम्रो पुस्तकालय: हाम्रो भविष्य' भन्ने नारासहित यसवर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाउन लागिएको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सूचनाप्रविधि तथा पुस्तकालय शाखा, सानोठिमीले सबै सामुदायिक तथा संस्थागत विद्यालय एवम् पुस्तकालयलाई सन्देशमुलक विभिन्न कार्यक्रमहरु गरी दिवस मनाउन परिपत्र गरेको छ । विसं १८६९ मा तत्कालीन राजा गिर्वाणयुद्ध वीरबिक्रम शाहका पालामा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा युद्धमा जितेर ल्याएका सामग्रीलाई सूचीकृत गरेर राख्न एकजना कर्मचारी खटाइएको थियो ।

वि.सं. १८६९ भदौ १५ गते लालमोहर जारी गरी पण्डित केदारनाथ झालाई पुस्तक चिताही तहबिल र अर्का एक जनालाई टहलुवा पदमा कर्मचारी नियुक्ति गरिएको थियो । त्यही ऐतिहासिक दिनलाई आधार मानेर नेपालमा २०६५ सालदेखि राष्ट्रिय पुस्तकालय दिवस मनाउन थालिएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# राष्ट्रिय परीक्षा बोर्डको कार्यालय हेटौंडा-४ हुप्राचौरमा सर्‍यो

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/राष्ट्रिय परीक्षा बोर्डको हेटौंडास्थित कार्यालय स्थानान्तरण भएको छ । हेटौंडा-२ नगरपालिका रोडमा रहेको बोर्डको कार्यालय हेटौंडा-४ हुप्रचौरमा सरेको हो ।




बोर्डका हेटौंडास्थित कार्यालयलका प्रमुख बद्रीबहादुर पाठकका अनुसार हालको स्थान साँघुरो भएको, सेवा प्रवाहमा समस्या भएको र सेवाग्राहीलाई अपायक परेको गुनासो पछि हेटौंडा-४ हुप्राचौर (मित्रनगर) स्थित कर्मचारी सन्चय कोष कार्यालय रहेको अगाडिको घरमा स्थानान्तरण गरिएको हो । भदौ १ गतेदेखि नयाँ स्थानबाट सेवाप्रवाह हुने प्रमुख पाठक्ले बताएका छन् । राष्ट्रिय परीक्षा बोर्डको हेटौंडास्थित कार्यालयले तराईका बारा, पर्सा, रौतहटसम्मका परीक्षार्थीलाई सेवा दिँदै आएको छ ।

# ६० जनाले रक्तदान गरे




साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ हेटौंडा-२ मनकामनाचोकमा रहेको प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १३ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको छ ।

'रक्तदान जीवनदान' भन्ने नारालाई सार्थक बनाउन आयोजित कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले पनि रक्तदान गरिन् । रगतको अभाव कम गर्ने उद्देश्यले आयोजित कार्यक्रममा ६० जनाले रक्तदान गरेको सहकारीका व्यवस्थापक विनोद पौडेलले जानकारी दिए । विहान ७ बजे सुरु भएको कार्यक्रम मनकामनाचोकमै १० बजे सम्पन्न भएको हो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना